अन्नपूर्ण गाउँपालिका म्याग्दी, पशु ~~म्याग्दी~~ शाखा को .

आ.व २०७७-२८ को **प्रतिबेदन**

म्याग्दी जिल्ला अन्नपूर्ण गाउँपालिका अन्तरगत रहेका सबै वडाका मानिस कृषि तथा पशुपालन पेशामा संलग्न रहेका छन् । यस गाउँपालिका को अधिकाशं भाग उच्च पहाडि तथा हिमालि क्षेत्रमा रहेको हुनाले यहाँको मुख्य पेशा भेडा बाखा रहेको छ साथै गाई भैसी कुखुरा र चौरी पनि निकै फस्टाउदै गईरहेको पाईन्छ । यस गाउँपालिकामा उत्पादित पशु जन्य उत्पादनहरु स्थानिय बजार लगायत म्याग्दी सदरमुकाम बेनि , पोखरा लयायत देशका बिभिन्न ठाँउ र अन्य मुलुकहरुमा पनि निर्यात गर्ने गरिन्छ । यस गाउँपालिकामा अधिकाशं स्थानिय जातका पशु पन्छीहरु रहेता पनी हाल अन्नपूर्ण गाउँपालिका पशु सेवा शाखाले कृषकहरुको ज्ञान सिप र क्षमता विकाश गरि व्यवसायिक पशुपालनमा कृषको आकर्षण बढ्दै गई रहेको छ । यस गाउँपालिका मा झण्डै १०० व्यवसायिक फर्म रहेका छन भने १० कृषक समुहहरु रहेका छन ।

अन्नपूर्ण गाउँपालिका पशु सेवा शाखाले पशु पक्षींको उपचार लगायत विकाशको कार्यक्रम संचालन गर्दै आईरहेको भयता पनि प्राविधिक जनशक्ति अभाव निकै वाधक बन्दै आई रहेको छ । हाल सम्म कुनै पनि पदमा स्थाई प्राविधिक नरहेको र करार (ovot) प्राविधिक बाट शाखा संचालन गरिदै आई रहेको छ । यस गा .पा अन्तरगत वडा न १,३,६ र ८ मा चार जना प्राविधिक को व्यवस्था मिलाईएको छ । पशु सेवा शाखाले आ .व २०७७/०७८ मा गरेको सर्बक्षण अनुसार गाई २६९३ ,भैसी १९३१, भेडा ७५६२ ,बाखा ८५३६ , कुखुरा १८९३१ ,टर्कि ३४ ,खरायो ४७७, घोडा खच्चड ७१ ,याक चौरी ३०० र अन्य ५४ रहेको छ साथै मासु उत्पादन १६६.८ मे. टन दुध उत्पादन ३५४.४४ मे.टन र उन झण्डै ५००० केजि उत्पादन हुने गर्दछ । आ.व २०७७/०७८ मा यस पशु सेवा शाखाले घाँस विकाशको निम्ति हिउदे वर्षे तथा डाले घाँसको विउ वितरण , नश्ल सुधारको निम्ति उन्नत जातको बोका वितरण घाँस घेरावार कार्यक्रम साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) ,फ्रेसहाउस सुधार कार्यक्रम जस्ता कृषकको माग र आवश्यकताको आधारमा कार्यक्रमहरु संचालन भई रहेका छन ।

यस अन्नपूर्ण गाउँपालिकाको कृषि तथा पशुपक्षीं क्षेत्रको बिकाशको निम्ति प्राविधिकको उचित व्यबस्थापन कृषकको ज्ञान सिप र क्षमता बिकाशको लागि बिभिन्न कार्यक्रम संचालन साथै उचित बजेटको व्यवस्थापन गर्न सक्ने हो भने अन्नपूर्णको लागि पशुपालन व्यवसाय समृद्धको आधार बन्न सक्नेछ ।

प्रकाश घर्ति क्षेत्री
पशु शाखा संयोजक